# तपाईंले कोभिड-19 खोपको दोस्रो सुई लगाउनुको महत्त्व ट्रान्स्क्रिप्ट

[उत्साहजनक सङ्गीत]

[क्रिस एरेसम्यान] नमस्ते मेरो नाम क्रिस एरेसम्यान हो र म मिनेसोटा स्वास्थ्य विभागमा सरुवा रोग निर्देशक छु। आज म तपाईंसँग कोभिड-19 खोपको दोस्रो डोजको महत्त्वका बारेमा चर्चा गर्न चाहन्छु।

उपलब्ध कोभिड-19 खोपहरूको हकमा, केहीको दुई डोज लगाउनुपर्ने हुन्छ। तपाईंलाई खोप लगाइदिने व्यक्तिले तपाईंले दोस्रो डोज लगाउनुपर्ने भएमा तपाईंलाई त्यस बारेमा थाहा दिनेछन् र तपाईंले दुई डोज लगाउनुपर्ने भएमा यो सन्देश तपाईंको लागि हो।

उपलब्ध सबै कोभिड-19 खोपहरू सुरक्षित र प्रभावकारी छन्, त्यसैले तपाईंलाई जुनसुकै खोप प्रदान गरिएको भए पनि तपाईंले त्यो लगाउनुपर्छ। दुई डोज लगाउनुपर्ने कोभिड-19 खोपको हकमा, कोभिड-19 रोग विरूद्ध सर्वोत्तम सुरक्षाको लागि दुईवटै डोज लगाउनु धेरै महत्त्वपूर्ण हुन्छ। याद राख्नुहोस् कि दुईवटै डोज एकै प्रकारको खोप हुनु आवश्यक छ। तपाईंले दुई-डोज भएको कुन खोप लगाउने हो, त्यसको आधारमा दुई डोज तीनदेखि चार हप्ताको अन्तरालमा लगाइन्छ।

तपाईंले आफ्नो पहिलो डोज लगाउँदा नै आफ्नो दोस्रो डोजको लागि अपोइन्टमेन्ट लिनुपर्दछ। यसको बारेमा सम्झनमा मद्दत गर्न आफ्नो क्यालेन्डरमा लेखेर राख्दा वा आफ्नो फोनमा टिपेर राख्दा राम्रो हुन्छ।

कहिलेकाहीँ कुनै व्यक्तिले सही समयमा दोस्रो डोज लगाउन नसक्ने परिस्थितिहरू पनि आउन सक्छन्। त्यसमा आत्तिनु हुँदैन। हामी तपाईंलाई दोस्रो डोजको लागि सकेसम्म चाँडो अपोइन्टमेन्ट लिने प्रयास गर्न प्रोत्साहित गर्दछौँ। तपाईंले खोप फेरि सुरुदेखि लगाउनु आवश्यक छैन।

दुई डोज लगाउनुपर्ने उत्पादनको एक डोजबाट सुरक्षाको बारेमा केही आशाजनक समाचारहरु आएका छन्, तर अझै हामीले धेरै कुरा थाहा पाउन बाँकी नै छ। FDA ले अझै पनि यी खोपहरूका दुवै डोज लगाउन सिफारिस गर्दछ र दुई डोज लगाउनुपर्ने कोभिड-19 खोपका दुवै डोज लगाउनाले यस रोग विरुद्द तपाईंसँग सर्वोत्तम सुरक्षा रहने कुरा सुनिश्चित गर्दछ।

खोप लगाउनुभएकोमा तपाईंलाई धन्यवाद छ। खोप लगाउने हरेक व्यक्तिले हामीलाई कोभिडलाई समाप्त गर्नेतर्फ एक कदम नजिक पुर्‍याउँदछन्।

[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

3/10/21 (Nepali)

*भिन्न स्वरूपमा यो जानकारी प्राप्त गर्न यहाँ फोन गर्नुहोस्: 651-201-4989*